हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्फनुहोस्।

लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७,
९८५२८२४९६७, ९८५२८३९३१५,
९८०२३१९१९२, ९८०२३१९१९३

बर्ष : ०१ अंक : ३९ पृष्ठ : ४ २०७७ भदौ ७ गते आईतबार (Sunday 23 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

•ओल तरकारीको मौसम•

## लकडाउनको मारमा ओल खेती किसान

**लहान ।** गतवर्ष धनगढीमाई नगरपालिका-११ कमलकुमार सिंहले डेढ बिघा जग्गामा ओल तरकारी खेती गरेका थिए । लगानी अनुसार उनले बेचेर आम्दानी पनि गरे । त्यही सोचेर उनले यसवर्ष पनि ३ बिघा जग्गामा तरकारी पोहेर भन्दा बढी खेतमा लगाए । तर, यसपाली उनले सोचे अनुसार भएन । कोरोनाको कारण लकडाउन भयो । त्यही मारमा उनी परेका छन् ।





खेतमा मनग्य ओल तरकारी उब्जिएको छ । केही टिपेर घरमा पनि ल्याएका छन् । तर, बजारमा बेच्न आउँदा प्रहरीको परेशानीका कारण घरमै आएका व्यापारीले पनि भाउ दिंदैनन् । सस्तोमै बेच्नु परेको छ । लगानी अनुसार आम्दानी नहुने हो कि भन्ने चिन्तामा उनी छन् । माघ महिनामा ओल तरकारी उनले लगाएका थिए । साउनमा बेच्न सुरू हुन्थ्यो तर, लकडाउनका कारण उब्जनी बेच्न पाएको छैनन् । 'तरकारी खेती गर्दा मजदुर, मलखाद बीउमा लाखौँ रूपैयाँ लाग्यो,' उनले भने,'तर, उब्जाएको तरकारी पनि बेच्न पाएको छुइन ।'

कमलकुमार पहिला एक एनजिओमा जागिरे थिए । उनले अस्सिटेन्ट सब इन्जिनियर पढेका छन् । जागिर छोडेपछि उनी तरकारी खेतीमै सक्रिय भएका छन् । उनी पहिले उखु खेती गर्थे । उखु छोडेर ओल खेतीमा रमाएका छन् । खेतीमा मिहिनेती उनले अब्बल कृषक भएकैं कारण प्रदेश सरकारबाट कृषिका लागि ३ लाख रूपैयाँ अनुदान पनि हात पार्न सफल भए ।

सोही गाउँका पुनित दास पनि ओल तरकारी खेती गर्छन् । उनले पनि उत्पादन बेच्न पाएका छैनन् । थोरैथोरै गाउँमै बिक्री गर्छन । यो गाउँमा उनीहरु जस्तै १२ भन्दा बढी परिवारले ओल तरकारी खेती गर्दै आएका छन् । उनीहरुपनि लकडाउनको मारमा परेका छन् । उब्जनी बजारमा बिक्री गर्न नपाएका उनीहरूले सरकारले कृषिमा आधारित किसानलाई राहत दिनुपर्ने माग गरेका छन् ।

ओल एक कन्दमूल हो । नेपालमा यसका बिभिन्न जंगली जातहरु पाइन्छ । ओलका केही स्थानीय जातहरु खान अयोग्य हुन्छन भने केही खेती गरेर खाने चलन पनि छ । तराईमा यसको बिशेष महत्व छ । नेपाली भाषामा यसलाई बाँको वा काँच भनेको पनि पाइन्छ भने तराई क्षेत्रमा ओल भनेर चिनिन्छ । स्थानीय जातहरु स्वादिलो भए पनि कोक्याउने हुन्छन । तर बिकासी जातहरु तरूल जस्तै नउसिनी पकाएर खान सकिने खालका स्वादिष्ट हुन्छन् । यो नकोक्याउने जात पहिलो पटक कृषि बिकास कार्यलयको सहयोगमा अरबिन्द मेहेताले सुनसरीमा भित्र्याएको मानिन्छ ।

## सिरहामा २ सय १० बेडको आइसोलेसन सञ्चालनमा ल्याइने

**लहान ।** संकट व्यवस्थापन केन्द्र सिरहाले स्थानीय तहसँगको समन्वयमा पाँच ठाउँमा २ सय १० बेडको आइसोलेसन सञ्चालन गर्ने भएको छ । सिरहाका प्रमुख जिल्ला अधिकारी तथा केन्द्रका संयोजक प्रदीपराज कँडेलका अनुसार शनिबार जिल्लाको सिरहा, मिर्चैया, चोहर्वा, गोलबजार र लहानमा आइसोलेसन सञ्चालन गर्ने गरी स्थानीय तहका प्रमुखहरूसँग स्थलगत अनुगमनसँगै छलफल गरिएको छ ।

'कोरोना संक्रमितका लागि जिल्लाको सिरहा सदरमुकाम र धनगढीमाईको छपराडीमा सञ्चालित आइसोलेसनको क्षमताले नभ्याउने देखियो,' प्रमुख जिल्ला अधिकारी कँडेलले भने, 'तत्काल आइसोलेसनको व्यवस्थापन गरी सञ्चालन नगरे स्थिति भयावह हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै बेड थप गर्न लागिएको हो ।'

मिर्चैयास्थित प्राथमिक स्वास्थ्य केन्द्रमा ३०, गोलबजार- ९ स्थित माविमा ३०, लहानमा ५०, चोहर्वा रेडक्रस भवनमा एक सय बेडको आइसोलेसन तत्काल सञ्चालन गर्ने गरी काम भइरहेको प्रमुख जिल्ला अधिकारी कँडेलले जानकारी दिए । 'आइसोलेसन सञ्चालनपूर्वको सरसफाइ, खानेपानी, बिजुली, शौचालयसहितको व्यवस्थापन स्थानीय तहले गर्नेछन्,' उनले भने, 'जिल्ला सदरमुकाम सिरहास्थित सूर्यनारायण सत्यनारायण मोरबैता यादव बहुमुखी क्याम्पसको खाली रहेको छात्रावास भवनमा पनि आइसोलेसन सञ्चालन गर्नेगरी तयारी हुँदैछ ।' कोरोना परीक्षणको दर र दायरा

बाँकी ३ पेजमा

## मिथिलामा चौरचन पर्व मनाइँयो

**लहान ।** सिरहासहित मिथिला क्षेत्रका विभिन्न स्थानमा चौरचन (चौठी चन) पर्व शनिबार राती मनाएका छन् । प्रत्येक वर्ष भदौ शुक्लपक्षको चौथीका दिन यो पर्व मनाइने गरिन्छ । मिथिला क्षेत्रमा खासगरि मधेसी र थारू समुदायमा यो पर्वलाई विशेष महत्वका साथ विधिपूर्वक ब्रत बसी मनाउने गरिएको छ ।



चौरचन पर्वमा पूजामा सहभागी परिवारका एक सदस्य खासगरि महिला दिनभर उपवासमा बसेर साँझपख गणेश र चन्द्रमालाई पूजा गरि विधिवत् रूपमा पर्व सम्पन्न गर्छन् । शनिबार राती लहान नगरपालिका-२४ गोविन्दपुरकी ४६ वर्षीया अचलन कामतीले यस्तै विधि श्रद्धापूर्वक गरेकी छन् । उनी दिनभरी उपवास बसेकी थिइन् । साँझपख पूजा सामग्री लिएर चन्द्रमालाई अर्घ दिइन् ।

भदौ शुक्ल चौथीका दिन मनाइने चौरचन पर्वमा सूर्यास्तपछि गाईको गोबरले लिपेर बनाइएको आँगन माझको चतुष्कोण यज्ञस्थलमा दीप प्रज्वलन गर्दै घरमूली ब्रतालुले फलफूल र मिष्ठान्न परिकार चन्द्रमालाई देखाएर चौरचन ब्रत समापन गर्ने मैथिल परम्परा छ । पूजाको सामग्रीमा नयाँ माटोको भाँडोमा जमाइएका दही, मिठाइ, नरिवल, केरा, पुरी लगायतका सामग्री राखेर पूजा गरिन्छ । चौंरचनको पूजामा मुख्य भूमिका निर्वाह गर्ने व्यक्ति उपवासमा बस्छन् । खासगरि खीर, पुरी, दही र गच्छेअनुसारका अन्य मिष्ठान्न परिकार तथा केरा र मौसमअनुसारका फलफूल

बाँकी ३ पेजमा

### भित्री पृष्ठमा

चाड पर्व र यसको महत्व
पेज २ मा

ऋषिपञ्चमी : एक परिचय
पेज २ मा

स्थानीय तहको एकल अधिकार र त्यसबाट सिर्जित विवाद
स्तम्भ : पालिका बहस
पेज ४ मा

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

हिमालय सुगर मिल्सको ई. डी. सरेश सर्राफ, महाप्रबन्धक टे. सत्य नारायण कुशवाहा तथा महाप्रबन्धक उखु प्रशासन अवध किशोर यादव साथमा उखु विभागका जिल्लाभरीको फिल्ड स्टाफ जे.टि.ए.उखु विकास अधिकृतहरूको उपस्थितिमा भदौ, असोज र कार्तिकमा उखु खेतीबारे छलफल तथा यस वर्षको लागि उखु रोपाइँको सिजन गर्नुपर्ने भएकोले आ-आफ्नो खेतीयोग्य जग्गालाई राष्ट्र तथा आफ्नो विकासमा लगाई सुवर्ण अवसरलाई सदुपयोग गर्नु हुनका लागि सम्पूर्ण कृषक महानुभावहरूमा अनुरोध छ ।

हार्दिक शुभकामना

सिरहाको लहानबाट "लहान पोस्ट" राष्ट्रिय दैनिक पत्रिका र 'www.lahanpost.com' प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।



अब्दुल करिम
केन्द्रीय सदस्य, नेपाल मुस्लिम संघ
महासचिव, जिल्ला उद्योग वाणिज्य संघ लहान, सिरहा

# सम्पादकीय

## चाड पर्व र यसको महत्व

चाड पर्व भन्नाले कुनै खास दिन तथा तिथिमा विभिन्न जातजातिका तथा समुदायका मानिसहरूले विशेष पर्वको रूपमा मान्ने र विभिन्न देवदेवीहरूको पूजाआजा गरी भोज भतेर खाई नाचगान गरि रमाइलो गर्ने दिनलाई भनिन्छ । चाड र पर्व बीच केही भिन्नता छन् । 'पर्व' सामूहिक रूपले मनाउने कृत्य हो ( जस्तै दशैं, तिहार, ऋषि तर्पणी, शिवरात्री, माघे संक्रान्ति) भने 'चाड' शब्द 'तिथि, बार र नक्षत्रको' सामुहिक स्वरुप हो । यो एउटा यस्तो योग हो जो प्राचिनकालदेखि आज सम्म एउटै प्रारम्भिक उद्देश्य प्राप्तिको लागि मनाउदै आइएको छ । सबै चाड पर्व खास निश्चित तिथि र बारको योगमा आधारित भएको हुन्छ । मेलापात भन्नाले धेरै मानिसहरू एकै ठाउँमा जम्मा भई मनाउने जात्रा, यात्रा तथा उत्सवहरू हुन् । जात्रा भन्नाले साधारणतया हामी देवदेवीको रथयात्रा, खटयात्रा आदिलाई भन्दछौं । त्यस्तै, परम्परा भन्नाले धेरै समयअघिदेखि चलिआएका विभिन्न किसिमका रीतिथिति, प्रचलन तथा प्रथाहरू हुन् ।

चाडपर्व उत्साह र उमङ्गको पर्याय हो । हिन्दू धर्मग्रन्थ पुराणहरूमा भनिए जस्तै विजयोत्सवको रुपमा शुरु गरिएका धेरै चाडपर्व अहिले पनि उल्लासपूर्वक मनाइन्छ । हरेक जाति, धर्म र सम्प्रदायको आ–आफ्नै सांस्कृतिक सम्पत्ति छ जो विभिन्न चाड पर्वको रुप लिएर हाम्रो समाजमा चलन चल्तीमा रहेको छ । त्यसैको अनुपातमा ती चाड पर्वहरू मनान्छन् । हाम्रो सामाजिक विभिन्नतालाई यिनै चाड पर्वहरूले एकाकार गरेको छ । हाम्रा प्रत्येक चाड पर्वहरू मनाउनुको पछाडी विशिष्ट अर्थ र अन्तर्निहित उद्धेश्य रहेको छ । त्यसको महत्व युगौ युगदेखि जस्ताको त्यस्तै रहदै आएको छ ।

राख्ने माध्यम हो । यसबाट हामीले हाम्रो जीवनमा सच्चरित्र निर्माण गर्न मद्दत पाएका छौ भने आफू जन्मिएको समाजको उन्नति गर्ने हौसला पनि पाएका छौ । आपसी भाईचारा, स्नेह सम्बन्ध सदाचरण आदि गुण अभिवृद्धि गरि भगवान र संस्कृति प्रति श्रद्धाभाव जागृत गर्न यी चाड पर्वहरूको ठूलो महत्व छ ।

हाम्रा घर परिवारका सबै साना ठूला सदस्यहरूलाई नजिक्याउने मिलजुल बढाउने, सगै बस्ने, एक अर्काको सुख र आनन्दमा सहभागी हुने अवसर प्रदान गर्दै आएका छन् । मानवीय उदारता, समग्रता, आपसी मायाप्रेम तथा भाईचारा अभिवृद्धिको सन्देश दिन सक्षम भएका छन् । धार्मिक अनुष्ठान मात्र होइन प्रत्येक चाड पर्वका पछाडि वैज्ञानिकता लुकेको छ । यी चाड पर्वहरूमा मौसम अनुसार ब्रत, अनुष्ठान, खाने लाउने, कसको पूजा गर्ने कुरा पारम्परिक रुपमा रहेको छ भने प्रत्येक चाड पर्व ब्रत उपवासका पछाडि रहेका पौराणिक कथाहरूले मानव जीवन सुखी हितकर बनाउन संदेश छोडेर गएका छन् । यी नीति कथा हुन् ।

जीवन पूर्ण बनाउन, सात्विक बन्न ब्रत र चेतनामयी बन्न चाड र जीवन उत्कर्षको भेद थाहा पाउन हामीले जन्मोत्सव मनाउने गरेका हौ । ब्रतको प्रभावले हाम्रो आत्मा शुद्ध हुन्छ, संकल्प शक्ति बढ्छ, बुद्धि, सद्विचार तथा ज्ञान विकसित हुनपुग्छ भन्ने जनविश्वास छ । परम्पराप्रति भक्ति र श्रद्धा बढेर जान्छ जसले गर्दा सुखमय दीर्घ जीवनकोलागि चाहिने आधार स्वयम् संग्रह गर्दै जान सक्तछ भन्ने विश्वास गरिन्छ ।

चाडपर्वले मनोसामाजिक सुस्वास्थ्य कायम राख्न सहयोग गर्छ त्यसैले यसलाई समाजमा परम्परागत शैलीमा नै मनउदायसको सकारात्मक उपलब्धि प्राप्तगर्न सकिन्छ र व्यक्तिको जीवनमा आशावादको लहर सिर्जना गर्छ । उपभोक्तावादी संस्कृति हाबी हुँदै गइरहेको वर्तमान अवस्थामा सक्नेले चाडपर्वमा तडक–भडकका साथखर्च गर्ने पनि गर्दछन् । तीजको समयमा एक महिनाभन्दा बढी समयसम्म दर खाने नाममा पार्टीहरू आयोजना गरिन्छन्र । त्यसैले समाजमा देखिएका चाडपर्व मनाउने गलत तरिका र अस्वस्थ प्रतिस्पर्धा निरुत्साहित गर्दै मनाउँदै गयौं भने सबैको मानसिक स्वास्थ्य राम्रो राख्न सहयोग पुर्याउँछ जसले समग्र समाजको कल्याण गर्दछ ।

# ऋषिपञ्चमी: एक परिचय

## नारी ढुकढुकी

रमिता नेपाल दाहाल
(शिक्षिका तथा संचारकर्मी)



आज भाद्र शुक्ल पञ्चमी तिथी जसलाई हामी ऋषिपञ्चमी भनेर भन्दछौं । यो ब्रत विशेष गरेर हिन्दु नारीहरूले लिने गर्दछन् । आफ्नो परिवारको सुख, शान्ति, आरोग्यता, धन–धान्य, असल सन्तान र वैभव प्राप्तिका लागि यो ब्रत लिने गरेको पाइन्छ । परापूर्वकालदेखि नै महिलाहरु रजस्वला भएका बेलामा जानी नजानी हुनपुगेका त्रुटि र गरिएका पाप कर्महरूको निवारणका लागि यो ब्रत नेपाली हिन्दु नारीहरूले लिने गरेको प्रचलन रहि आएको छ ।

आज ब्रत बस्ने ब्रतालु महिलाहरु बिहानै आफ्नो घर पायक पर्ने पवित्र नदी, पोखरी, खोला वा तलाउमा गएर नुहाउने गर्दछन् । ऋषि पञ्चमीका दिन नुहाउँदा महिलाहरूले अपमार्ग (दतिवन)को प्रयोग गर्ने गर्दछन् । ३६५ वटा अपमार्गका पात अनि डाँठले शरीरको विभिन्न अंगहरु जस्तै पैताला, गोलीगाँठो, घुडा, कम्मर, पेट, छाती, कुहिनो, कुम अनि टाउकोमा लगाएर केहीबेरपछि नुहाउने वा पखाल्ने गरिन्छ । यसो गर्दा वर्षभरि रजस्वला भएको बेला गरिएका पापबाट मुक्ति पाइन्छ भन्ने धार्मिक विश्वास रहेको छ । यस दिन घरको कुनै सफा ठाउँमा गाईको गोबरले लिपेर तामाको पूर्ण कलश अष्टदलमा स्थापना गरेर सप्तऋषिहरूको प्रतिमा बनाइ पूजा गरिन्छ । ऋषिपञ्चमीमा अरून्धती सहित अत्रि, गौतम, भारद्वाज, जमदग्नि, कश्यप, वशिष्ठ र विश्वामित्र ऋषिहरूको पूजा गर्ने गरिन्छ । पञ्चमी तिथि भएकाले आजको पञ्चमीलाई ऋषिपञ्चमी भनिएको हो ।

वशिष्ठ ऋषिकी पत्नी अरून्धतीको पूजा गर्दा सधवा नारीहरूले प्रयोग गर्ने शृंगारका सामानहरु जस्तै चुरा, सिन्दुर, पोते, टीका, गाजल सहित वस्त्र जस्ता सामग्रीहरु चढाउने वा अर्पण गर्ने गरिन्छ । वल्लो घर पल्लो घरका धेरै भन्दा धेरै महिलाहरु मिलेर पूजा लगाउने चलन छ । प्रायः शहर–बजार तिर नजिकको मन्दिर गएर पूजा गर्ने प्रचलन रहेको भेटिन्छ भने गाउँघरतिर टोल–छरछिमेकका महिलाहरु एउटा घरमा भेला भएर हर्षोउल्लासका साथ यो पूजा लगाउने गर्दछन । ऋषिपञ्चमीको ब्रत बस्ने ब्रतालुहरूले सो दिन हलो तथा कोदालो प्रयोग नगरि उत्पादित तरकारी वा साग मात्र खान हुन्छ भन्ने मान्यता रहेकाले पूजा सकिएपछि कर्कलोको साग र भात खाने प्रचलन रहिआएको पाइन्छ ।

*आफ्नो परिवारको सुख, शान्ति, आरोग्यता, धन–धान्य, असल सन्तान र वैभव प्राप्तिका लागि यो ब्रत लिने गरेको पाइन्छ । परापूर्वकालदेखि नै महिलाहरू रजस्वला भएका बेलामा जानी नजानी हुनपुगेका त्रुटि र गरिएका पाप कर्महरूको निवारणका लागि यो ब्रत नेपाली हिन्दु नारीहरूले लिने गरेको प्रचलन रहि आएको छ ।*

•••

*तीज, गणेश चतुर्थी र ऋषिपञ्चमी जस्ता पर्वले हाम्रो संस्कृति र परम्परालाई अझ कसिलो बनाउँदै लानेछन् । हामीले हाम्रा संस्कृतिहरूलाई जोगाउन र भावी पुस्तामा सहज हस्तान्तरण गर्नुपर्छ भन्ने सन्देश प्रवाह गर्न पनि यस्ता चाडपर्वहरू परिस्थिति अनुसार सचेत भएर सामान्य तरिकाले मनाउनु उचित देखिन्छ ।*

विगतमा झैं यसपाली तीज लगायत ऋषिपञ्चमीको रौनक खासै देखन पाइएन । लकडाउनका कारण आ–आफ्नो घरमा बसेर आनै परिवार भित्र मात्र सिमित रहेर भडकिलो नबनाई हाम्रा संस्कृति र परम्परालाई निरन्तरता दिएको देखिन्छ जुन साच्चै सकारात्मक पक्ष पनि हो । यस्ता तीज, गणेश चतुर्थी र ऋषिपञ्चमी जस्ता पर्वले हाम्रो संस्कृति र परम्परालाई अझ कसिलो बनाउँदै लानेछन् । हामीले हाम्रा संस्कृतिहरूलाई जोगाउन र भावी पुस्तामा सहज हस्तान्तरण गर्नुपर्छ भन्ने सन्देश प्रवाह गर्न पनि यस्ता चाडपर्वहरु परिस्थिति अनुसार सचेत भएर सामान्य तरिकाले मनाउनु उचित देखिन्छ । अस्तु ।

### धनगढीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा प्रदेश नं. २ नेपाल

### धनगढीमाई नगरपालिकाद्वारा सार्वजनिक हितमा जारी
## अत्यन्त जरुरी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को संक्रमणबाट धनगढीमाई नगरपालिका पनि उच्च जोखिममा रहेको तथा भिडभाड हुने हाट बजार क्षेत्रहरु, पसल, होटलहरु र जनसम्पर्क अधिक हुने निजी, सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाहरुमा कार्यरत पदाधिकारी र कर्मचारीहरुमा यसको संक्रमण देखिएको, आम नागरिकमा पनि यसको संक्रमण छिटफुट रुपमा देखिएकोले यो रोग समुदायस्तरमा फैलन सक्ने सम्भावना भएकोले नगरपालिका भित्र मिति २०७७।०४।२५ बाट शुरु भई बन्दाबन्दी लागू भएको व्यहोरा सबै नगरवासीमा अवगतै छ । यस्तो अवस्थामा यस रोगबाट सुरक्षित रहन आवश्यक उच्च सतर्कता अपनाउनको लागि पटक–पटक साबुन पानीले हात धुन, स्यानिटाईजर प्रयोग गर्न, मास्क प्रयोग गर्न र सामाजिक दूरी (२ मिटर) कायम गर्न नगरपालिका सबै नगरवासीमा अनुरोध गर्दछ । साथै घर बाहिर ननिस्कन, भिडभाड नगर्न, सामाजिक क्रियाकलापहरु भोज भतेर नगर्न नगराउन हुन समेत नगरपालिका अनुरोध गर्दछ । यसका साथै मिति २०७७।०५।०५ गतेको कोरोना आपतकालिन व्यस्थापन केन्द्र (CCMC) को वैठकको निर्णयका देहायका विषयहरु सबै नगरवासीहरुको जानकारी एवं परिपालनाको लागि सार्वजनिक गरिएको छ ।

१. PCR Test मा Positive रिपोर्ट आएका व्यक्तिहरुको घरपरिवारका सदस्य तथा नजिकका छिमेकीहरुको माध्यम र सम्पर्कमा आएका व्यक्तिहरुको तत्कालै Contact Tracing गरि नामावली संकलन गर्ने कार्य भईरहेकोले Contact Tracing Team को सम्पर्कमा आउने र सहयोग गर्ने ।

२. PCR Test को लागि स्वाब संकलन गरिएका तर नतिजा नआएका व्यक्तिहरु तत्कालबाट आ–आफ्नो निवासमा होम क्वारेन्टाईनमा रहने ।

३. PCR Test को नतिजा Positive आएका व्यक्तिहरु Home Isolation मा बस्नल चाहेमा नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिम होम आइसोलेशनमा बस्नक सक्ने र सोका लागि नगरपालिकामा सम्पर्क राख्ने ।

शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

## Dhangadhimai Municipality

# Office of the Municipal Executive

Dhangadhi, Siraha, Province No. 2

**Social Security & Vital Event Registration Section**

**REQUEST FOR QUOTATION (RFQ)**

For

**Digitization Services of Vital Events Registration Information Form**

**(Date of Issue of Request: 20-Aug-2020) (04-Bhadra-2077 B.S.)**

Employer: *Dhangadhimai Municipality, Dhangadi, Siraha*
Project: Strengthening Systems for Social protection and Civil Registration (SSSPCR) in Department of National ID and civil Registration
Type of procurement: Non-consulting services
Title: Digitization Services of Vital Event Registration Information Form
IDA Credit No.: 5912-NP
Reference No: NP-DoCR-183661A- DS

1. The **Dhangadhimai Municipality, Dhangadhi, Siraha** (Employer) hereby requests you to submit price quotation(s) for the Digitization services of vital event Registration Information form described in the shopping document issued herewith.
2. The related Form of Quotation, TOR (Terms of Reference), necessary eligibility, experience and technical specifications, Service requirements and price schedule with required quantity will be provided from Dhangadhimai Municipality, Social Security & Vital Event Registration Section upon bidder's formal request letter.
3. You shall submit one original of the Price Quotation with the Form of Quotation, and clearly marked "Original". Your quotation in the attached format should be signed, sealed in an envelope and addressed to and delivered **till 12 Noon of 11 Bhadra, 2077 B.S.** to the following address-:
   Employer's Address: **Dhangadhimai Municipality, Dhangadhi, Siraha**
   Telephone: 033-545238, Email address: mundhangadhi@gmail.com
4. Your quotation must be accompanied by adequate eligibility documentation (Copy of firm registration, VAT/PAN registration, Tax clearance for FY 2075/76, a written declaration made by the bidder, with a statement that s/he is not ineligible to participate in the procurement proceedings, has no conflict of interest in the proposed procurement proceedings, and has not been punished for a profession or business-related offense, showing experiences and CV of personnel (s) and other printed material or pertinent information (in English language) including names and addresses of firms providing similar type of service facilities.
5. The deadline to submit your quotation to the Employer is: 28 Aug, 2020 (11 Bhadra, 2077 B.S.)
6. You shall submit only one set of quotations for the above items. Your quotation must be typed or written in indelible ink and shall be signed by you or your authorized representative. Without a signature in your Form of Quotation, your quotation will not be proceeded further.
7. Your quotation should be submitted as per the following instructions and in accordance with the attached form of Contract. The attached Terms and Conditions of Supply is an integral part of the conditions of Contract.
   (i) PRICES: The prices should be quoted for Digitization services of vital event Registration Information form for ***Dhangadhimai Municipality, Dhangadhi, Siraha.*** Prices shall be quoted in the Nepalese Rupees (NRs).
   (ii) EVALUATION OF QUOTATIONS: Offers determined to be substantially responsive to the eligibility requirements and then will be evaluated by comparison of their prices. An offer is not substantially responsive if it contains material deviations or reservations to the terms, conditions, and specifications in this Request for Quotation, and it will not be proceeded further. The Employer will evaluate and compare only the quotations determined to be substantially responsive. In evaluating the quotations, the Employer will adjust for any arithmetical errors as follows:
      (a) Where there is a discrepancy between amounts in figures and in words, the amount in words will govern;
      (b) where is a discrepancy between the unit rate and the line item total resulting from multiplying the unit rate by the quantity, the unit rate as quoted will govern; and
      (c) If a Service Provider refuses to accept the correction, his quotation will be rejected.
      In addition, the quoted price shall include Value Added Tax (VAT).
   (iii) AWARD OF PURCHASE ORDER. The award will be made to the bidder offering the lowest evaluated price and that meets the required standards of technical and financial capabilities. The successful bidder will sign a Contract as per attached form of contract and terms and conditions of supply.
   (iv) VALIDITY OF THE OFFER: Your quotation(s) should be valid for a period of thirty (30) days from the deadline for receipt of quotation(s) indicated in Paragraph 5 of this Request for Quotation.
   (v) If you withdraw your quotation during the validity period and/or refuse to accept the award of a contract when and if awarded, then you will be excluded from the list of Service Providers for the project for two years.
8. The bidder whose quotation has been accepted will be notified of the award of contract through the Letter of Acceptance issued by the Employer within 30 days from the date of submission of quotation.
9. Under the World Bank's Anticorruption Policy, bidders shall observe the highest standard of ethics during the assignment and execution of such contracts. ***Dhangadhimai Municipality, Dhangadhi, Siraha*** will reject a proposal for award, and will recommend to impose sanctions on parties involved, if it determines that the bidder recommended for award or any other party, has engaged in corrupt, fraudulent, collusive, or coercive practices in competing for, or in executing, the Contract.
10. The related Form of Quotation, TOR (Terms of Reference), necessary eligibility, experience and technical specifications, Service requirements and price schedule with required quantity will be provided from Dhangadhimai Municipality, Social Security & Vital Event Registration Section upon bidder's formal request letter.
11. Further information can be obtained from:
    Dhangadhimai Municipality, Office of the Municipal Executive,
    Address: Dhangadhi, Siraha
    Telephone: 033-545238 *Email address: mundhangadhi@gmail.com*

**Chief Administrative Officer**
**Dhangadhimai Municipality, Office of the Municipal Executive,**
**Address: Dhangadhi, Siraha**

## मिथिलामा ...

चन्द्रमालाई देखाएर इष्टजनसहित परिवारजनलाई चतुष्कोण वेदीस्थलमै बसाएर प्रसाद खुवाएपछि यो पर्व सम्पन्न हुन्छ । चन्द्रमाको आराधना गरिने चौरचन पर्वमा दाल र चामलको पिठोबाट बनाइने पुरी, मिष्ठान्न परिकार खाजा (पिरूकिया) र खीर, माटोको छ्याँचीमा जमाइएको दही, पाकेको केराको घरीसहित अन्य फलफूल र वस्त्र आभूषण चढाइने परम्परा छ । यो पर्व खासगरि मैथिली समुदाय र थारु जातिमा मनाइने गरिएको छ ।

सन्तान र घरपरिवारको सुख शान्तीका लागि यो पर्व मनाउँदै आएको गोविन्दपुरकी अचलनले बताईन् । 'हाम्रो घरमा पूस्तौदेखि यो पर्व मनाउँदै आएका छन्, पर्व मनाए घरमा सुख शान्ती हुने विश्वास छ,' उनले भनिन, 'पर्वमा चन्द्रमालाई अर्घ दिएर सम्पन्न गरेपछि छरछिमेक, इष्टमित्रलाई प्रसाद ग्रहण गराएका छौं ।'

**चौरचनको कथा**

मिथिलाञ्चल क्षेत्रमा मनाउने चौरचनको विभिन्न प्रचलित कथा रहेको छ । कथा अनुसार श्रीकृष्णलाई आजैको दिन स्यमन्तक मणिको प्रसंगमा लागेको कलंक छुटेकोले यस पर्वको पौराणिक महत्व पनि स्थापित भएको छ ।

श्रीमद्भागवतमा एउटा कथा आएको छ । द्वापरमा द्वारिकापुरीमा सत्रजीत नामको एउटा गरिब यादव भगवान सूर्यको अराधना गरी निकै उत्कृष्ट मणि प्राप्त गरेका थिए– स्यमन्तक ।विधिपूर्वक पूजा गरेपछि उक्त मणिबाट प्रतिदिन २० मन सुन प्राप्त गर्थे उक्त यादवले । उनी छिटै धनाढ्य हुन पुगे । चारै तिर यो खबर फिजियो । एकदिन राजाको दरबारमा सत्रजीत मणि गलामा धारण गरेर नै पुगेछन् । मणिको प्रभावले चारैतिर प्रकशित भएर दरबार नै चकमक्क भयो । श्रीकृष्णले यादवलाई मणि राजालाई दिन आग्रह गरे । तर उनले मानेनन् र बहाना बनाई घर फर्कि हाले । घरमा गएपछि राजाले लेला भन्ने डरले भाइ प्रसेनजीतलाई मणि जिम्मा लगाई सुरक्षा साथ जंगल पठाए । कालक्रममा प्रसेनजीतको मृत्यु भएपछि उक्त मणि एउटा सिंहबाट जाम्बवान नाउँको बलशाली भालुले हात पारे । भालुको निवास एउटा विशाल गुफामा थियो ।

जब प्रसेनजीतको मृत्यु र मणि हराएको खबर राजा कहाँ आयो तब उसको संदेह श्रीकृष्णमाथि नै गयो । आफूमाथि लागेको कलंक धुन श्रीकृष्ण जंगल गए र निकै खोजबिन गरे पछि त्यहाँ उपलब्ध साक्ष्यहरूको आधारमा आशंका गर्दै त्यस गुफा भित्र प्रवेश गरे । दशदिन भन्दा पनि बढी गुफाबाट श्रीकृष्ण बाहिर न आए पछि सँगै आएका सैनिकहरु निराश भै राजधानी फर्के । त्यहाँ श्रीकृष्णको लागि निकै शोकलहर चल्यो ।

समय बित्दै जाँदा अठाइसौं दिन श्रीकृष्ण मणि र एक सुन्दर महिला साथ राजधानी फर्के । वास्तवमा जामवन्त भालुसँग लडाई गर्दै अन्तमा उनलाई हराएर मणि साथ उनकी छोरी जाम्ववतीलाई लिएर उनी आएका थिए । त्यो दिन भाद्र शुक्ल चतुर्थीकै थियो । श्रीकृष्णको कलंक मुक्तिको त्यो दिनलाई स्मरणार्थ चन्द्रपूजाको विधान रूपान्तरित भएको विश्वास छ ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
-: जनहितका लागि :-
हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY

कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछ्रा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

औरही गाउँपालिका कार्यालय
सिरहा

# स्थानीय तहको एकल अधिकार र त्यसबाट सिर्जित विवाद

## पालिका बहस

**अधिवक्ता सन्तोष कुमार सुवेदी**



मुलुकमा संघीय संरचना निर्माण भएपछि तीन वटा सरकारको ढाँचा निर्माण गरियो । जसमध्ये सबैभन्दा तल्लो सरकारको रूपमा स्थानीय तहलाई स्थान दिइयो । स्थानीय तहलाई तल्लो सरकारको रूपमा रूपान्तरण गरेकैले यसलाई गाउँको सिंहदरबार पनि भनिन थालियो ।

हुन पनि हो, स्थानीय तहलाई तल्लो सरकारको रूपमा मान्यता दिइएपछि पहिले केन्द्रबाट परिचालित धेरै सरकारी कामकारबाही अब स्थानीय तहबाट नै निर्देशित हुन थालेको छ । त्यसमध्ये ग्रामीण क्षेत्रको विकास निर्माण कार्य प्रमुख हो भने यससँगै कृषि, पशु, स्वास्थ्य र सरसफाइ, शिक्षा, सहकारी, सञ्चार, खानेपानी र उर्जा, विपद् व्यवस्थापन, खानी तथा खनिज पदार्थको संरक्षण तथा भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास लगायत कैयौं विषय वस्तुमा केन्द्रीत भई योजना बनाउने र कार्यान्वयन गर्ने स्थानीय तहले एकल अधिकार पाएको छ ।

स्थानीय तहको यो एकल अधिकारलाई नेपालको संविधान २०७२ को धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) ले संरक्षित तथा सुरक्षित बनाएको छ । जुन अधिकारलाई संविधानको अनुसूचि ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ले विस्तृत रूपले विवेचना समेत गरेको छ । अहिलेको अवस्थामा स्थानीय तहको रूपमा रहेको नगरपालिका वा गाउँपालिकाले यिनै एकल अधिकारलाई प्रयोग गरी आ˜नो कार्य र योजना अगाडि बढाउँदै आएको छ । तर स्थानीय पालिकाले संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बाट एकल अधिकार पाए पनि त्यसबारेमा अर्को पक्ष वा सरोकारवाला निकायले प्रश्न नै उठाउन नपाउने भन्ने हैन, स्थानीय पालिकाले गरेको वा गर्ने कुनै कार्य वा योजनाले कुनै पनि व्यक्तिको मौलिक अधिकारलाई हनन गर्ने अवस्था आयो भने संविधानको धारा १३३ अनुसार सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र र धारा १४४ अनुसार उच्च अदालतको अधिकारक्षेत्र अन्तर्गत पीडित व्यक्तिले स्थानीय पालिकालाई चुनौती दिनसक्ने अवस्था समेत छ ।

सिरहा जिल्लाको सेरोफेरोमा हेर्ने हो भने, स्थानीय पालिका र स्थानीय बासिन्दाबीच सबैभन्दा बढी विवाद र टकराव विकासको नाममा हुने बाटोघाटो र योजना निर्माण हुँदा त्यसको नाममा स्थानीय पालिकाले कब्जा गर्ने जग्गाको विवाद नै हो । त्यसपछिको विवाद शिक्षाको क्षेत्रमा शिक्षकको दरबन्दी मिलानको नाममा हुने सरुवा र विद्यालय तथा विद्यालय व्यवस्थापनको मामिलामा गरिने हस्तक्षेप हो । यी विषयमा निषेधाज्ञा सर्वोच्च, उच्च र जिल्ला गरि तिनै तहका अदालतमा तथा परमादेश, उत्प्रेषण, प्रतिषेध र अधिकारपृच्छा लगायतका रिट सर्वोच्च र उच्च अदालतमा पर्ने गरेको छ । अदालतमा परेका थोरै मुद्दाहरु मात्रै स्थानीय पालिकाले जितेका छन् तर अधिकांश मुद्दाहरूमा स्थानीय पालिकाको हार भएको तथ्याङ्कबाट देखिएको छ । यस्तै मुद्दाहरूमध्ये सिरहा जिल्लामा केही चर्चित मुद्दाहरु छन् : स्थानीय निकायको रूपमा कार्यरत हुँदा वि.सं. २०५८ सालमा लहान नगरपालिकाले पुर्व पश्चिम राजमार्गको १०३ फिट (२५+६ मीटर) खाली गराउन नमानेको भनेर डिभिजन सडक कार्यालय लहानलाई विपक्षी बनाई तत्कालीन पुनरावेदन अदालत राजविराजमा मुद्दा दियो । विपक्षी डिभिजन सडक कार्यालय लहानले पुर्व पश्चिम राजमार्गको केन्द्रविन्दुदेखि ८२.५ फिट (२५ मीटर) जग्गा मात्रै आ˜नो स्वामित्वमा पर्ने र सो जग्गा खाली गराएमा आफूलाई कुनै आपत्ति नहुने लिखित जवाफ फिराएपछि पुनरावेदन अदालत राजविराजले २०६१ सालमा लहान नगरपालिकाकै पक्षमा फैसला दियो । २०६१ सालमा तत्कालीन लहान नगरपालिकाका पदाधिकारीको पदावधि सकिसकेको र पदाधिकारी रिक्त रहेको अवस्थामा नगरपालिकाभित्रको कर्मचारीको संयन्त्रले त्यसतर्फ खासै ध्यान दिएन । त्यो फैसलामा तेस्रो पक्ष अर्थात सडक किनाराका जग्गाधनीहरु विपक्षी नभएको कारणले ती जग्गाधनीले उक्त फैसलाबारे थाहा पनि पाउने भएनन् । त्यतिखेरदेखि नै लहान नगरपालिका र डिभिजन सडक कार्यालय दुवै पक्ष विपक्षले उक्त कुरा गुमसुम मै राखे ।

२०७४ सालमा स्थानीय तहको निर्वाचन भइसकेपछि लहान नगरपालिकाका निर्वाचित पदाधिकारीहरुले फेरि त्यो कुरा ब्युँताए । सडक केन्द्रको दुवै छेउको जग्गाधनीलाई १०३ फिट जग्गा खाली गराउन उर्दी जारी गरियो । लहान नगरपालिकाको त्यो उर्दीविरूद्ध उच्च अदालत राजविराजमा सार्वजनिक सरोकारको विषय भन्दै कानुन व्यवसायी र जग्गाधनीबाट आफूहरूको मौलिक अधिकार हनन् भएको भन्दै छुट्टाछुट्टै रिट पर्‍यो । सडक केन्द्रको किनारा (राइट अफ वे) को विषयमा एक पटक पुनरावेदन अदालत रहेकै अवस्थामा अदालतले फैसला गरिसकेको र सोही फैसलाको विरूद्धमा उच्च अदालतले अर्को फैसला गर्न नमिल्ने कारण देखाउँदै उच्च अदालत राजविराजले लहान नगरपालिकाउपर दिएको रिट निवेदन खारेज गर्‍यो । रिट खारेज भएपछि उच्च अदालत राजविराज इजलासले गरेको फैसलाविरूद्ध सर्वोच्च अदालतमा मुद्दा दोहोर्‍याई पाउन निवेदन पेस भयो । उक्त मुद्दा हाल सर्वोच्च अदालतमा सुनुवाइको क्रममा पेसीमा छ ।

यस्तै, मौलिक अधिकार हनन् गरेकोको कारण देखाई अदालतमा परेको अर्को चर्चित मुद्दा हो, धनगढीमाई नगरपालिका विरूद्ध अशोक कुमार अग्रवालको । सूर्ति विकास कम्पनिसँग खरीद गरेको बाउण्ड्री पर्खाल र गेटसहितको जग्गामा व्यवसायी अग्रवालले धानचामल कुटानी पिसानी मिल सञ्चालन गरेका थिए । धनगढीमाई नगरपालिकाले बाटो विस्तार र ढल निर्माणको योजना कार्यान्वयन गर्ने क्रममा अग्रवालले सूर्ति विकास कम्पनिसँग खरीद गरेको उक्त जग्गाको बाउण्ड्री पर्खाल र गेट सार्वजनिक जग्गामा परेको दावी गर्दै उक्त बाउण्ड्री पर्खाल र गेट हटाउन उर्दी जारी गर्‍यो । धनगढीमाई नगरपालिकाले जारी गरेको उर्दीमूलक सूचनालाई चूनौति दिँदै अग्रवाल उच्च अदालतको शरणमा पुगे । उच्च अदालत जनकपुर राजविराज इजलासमा मुद्दा चल्दै गर्दाको अवस्थामा धनगढीमाई नगरपालिकाले अग्रवालले चर्चेको जग्गाको बाउण्ड्री पर्खाल र गेट तोड्यो । अदालतमा मुद्दा चल्दै गर्दाको अवस्थामा फैसला नआउँदै बाउण्ड्री पर्खाल र गेट र त्यसभित्र रहेको मन्दिर समेत तोडफोड गरेपछि व्यवसायी अग्रवालले धनगढीमाई नगरपालिकाका नगर प्रमुखमाथि अदालतको अवहेलना मुद्दा चलाए । अदालतले अग्रवालको तर्फ फैसला गर्दै धनगढीमाई नगरपालिकाका नगर प्रमुखले अदालतको अवहेलना गरेको ठहर गर्दै जरिवाना समेत भरायो ।

यी त प्रतिनिधिमूलक उदाहरण मात्रै हो, नगरपालिका र गाउँपालिकाविरूद्ध विकासको नाममा व्यक्तिको अधिकार हनन् गरेको सयौं मुद्दा अदालतमा विचाराधीन छन् । वास्तवमा, निर्वाचित भएर जाने जनप्रतिनिधिहरूमा विकासको नाममा व्यक्तिको अधिकार मिच्ने, जग्गा कब्जा गर्ने र यस्तै अनेक क्रियाकलाप गर्ने कार्य सिरहाको प्रायः हरेक पालिकामा चल्दै आएको छ । पालिकाहरूले आ˜नो एकल अधिकार अनुसार निर्विवाद रूपले कसैको जग्गा कब्जा गरेर, बल मिच्याई गरेर योजना कार्यान्वयन गर्छु भन्ने मनोभावना त्याग्न सक्नुपर्छ । जनताको मौलिक अधिकारको प्रत्याभूति तथा संरक्षण गर्न संविधानको प्रस्तावनामै प्रतिबद्धता व्यक्त गरेको छ जसलाई संविधानको धारा १३३ मा सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र र धारा १४४ मा उच्च अदालतको अधिकारक्षेत्रले नै संरक्षकत्व प्रदान गरेको छ । यसका साथै बाटो, सडक, कुलकुलेसा, भौतिक योजना जस्ता पूर्वाधारको काम गर्दा पालिकाहरूले संघीय कानुनको रूपमा रहेको जग्गा प्राप्ति, जग्गा अधिग्रहण सम्बन्धि कानुनहरूको अध्ययन गर्न पनि आवश्यक छ । जसमा पूर्वाधारको काम गर्दाको अवस्थामा कुनै व्यक्तिको जग्गा आवश्यक परेमा सोको प्राप्ति र अधिग्रहण गर्दा अपनाउनुपर्ने कार्यविधि स्पष्टसँग उल्लेख छ । पालिकाहरूको मूल कानुनको रूपमा रहेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४५ को उपदफा (५) बमोजिम क्षतिपूर्ति समेतको व्यवस्था गर्ने कुरा उल्लेख छ जुन कानुनले व्यक्तिको सम्पत्तिको अधिकारलाई समेत सुनिश्चित गरेको छ ।

तसर्थ, पालिकाहरूले सडक, बाटो वा भौतिक संरचना निर्माण गर्दाको अवस्थामा सम्बन्धित जग्गाधनीको जग्गा जबरजस्ती कब्जा गर्नुको साटो कानुनले दिएको विधि र मान्यता अनुरूप कार्यविधि अपनाए मुद्दामुकद्माको सन्दर्भमा हुने लाखौं रकम, जुन जनताकै करबाट संकलन गरिएको हुन्छ, बचत भई अन्य रचनात्मक र उत्पादनशील क्रियाकलापमा खर्च हुनसक्थ्यो कि !

## सिरहामा ...

बढाएपछि संक्रमितको संख्या बढेको उल्लेख गर्दै उनले नियन्त्रण र रोकथाम गर्न विद्यमान जटिल परिस्थितिलाई सबैले मनन गरी आ-आ˜नो दायित्व पूरा गर्नुपर्ने बताए ।

**सक्रिय संक्रमित संख्या १५३ पुग्यो**

सिरहामा शनिबार १४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । योसँगै सक्रिय संक्रमित संख्या १५३ पुगेको छ । स्वास्थ्य कार्यालय सिरहाका अनुसार शनिबार जिल्ला प्रशासन कार्यालयमा कार्यरत एक महिलासहित तीनजना कर्मचारी, जिल्ला प्रहरी कार्यालय सिरहाको हिरासतमा रहेका एक थुनुवा, मिर्चैया नगरपालिकामा कार्यरत एक कर्मचारी र एक महिलासहित नौजना तथा सीमावर्ती माडरस्थित गोयल मेडिकल हलमा काम गर्ने एक पुरूषसहित १४ जनामा संक्रमण पुष्टि भएको हो ।


## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

## धनगढीमाई नगरपालिका कार्यालय, सिरहा



## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

## सखुवानन्कारकट्टि गाउँपालिका कार्यालय, सिरहा


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्युटर ले-आउट : महेन्द्र चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यु यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)